महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९
तीनपाटन गाउँपालिका, सिन्धुली

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	(Independence)
निष्ठा	(Integrity)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)
व्यावसायिकता	(Professionalism)

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एवं नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाह लगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमा लगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा दंगाल)

२०७९ आषाढ

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
(बागमती प्रदेश लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्याः २०७८।७९
च.नं. ५५७

मितिः २०७९।३।२०

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
तीनपाटन गाउँपालिका, सिन्धुली ।

कैफियत सहितको राय

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. यस गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्णरुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू.९ करोड ९१ लाख ४० हजार बेरुजू देखिएको छ। सोमध्ये प्रतिक्रियाबाट रू. ६ लाख ४७ हजार फर्स्यौट भई रू.९ करोड ८४ लाख ९३ हजार बाँकी रहेको छ । बाँकी बेरुजू मध्ये असुल गर्नुपर्ने रू. ३१ लाख ४९ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ६ करोड ८ लाख ३९ हजार, नियमित गर्नुपर्ने रू.१ करोड ४२ लाख ५८ हजार र पेश्की रू.२ करोड २ लाख ४८ हजार रहेको छ । पालिकाको गतवर्ष सम्मको रु.९ करोड ३३ लाख १४ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु.१९ करोड १७ लाख ९ हजार रहेको छ । तीनपाटन गाउँपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**

३. यस गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ। कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(त्रिलोचन आचार्य)
नायब महालेखापरीक्षक

तीनपाटन गाउँपालिका, सिन्धुली

बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

२०७७।७८

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजु			बेरुजु						
									असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम		अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
सैद्धान्तिक	लगाती		सैद्धान्तिक	लगाती		सैद्धान्तिक	लगाती								
५५	१६५	९९१४०	०	५	६४७	५५	१६०	९८४९३	३१४९	१४२५८	६०८३९	०	०	७५०९७	२०२४८

अद्यावधिक बेरुजू स्थिति

२०७७।७८

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्र्यौट	बाँकी बेरुजू	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
सिन्धुली	९३३१४	०	९८	९३२१६	०	९८४९३	१९१७०९

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : तीनपाटन गाउँपालिका, सिन्धुली , तिनपाटन गाउँपालिका , सिन्धुली

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	राम कुमार कार्की	२०७८-८-१९	हाल सम्म कार्यरत
कार्यालय प्रमुख	विष्णु प्रसाद सुवेदी	२०७७-४-१	
लेखा प्रमुख	गोविन्द प्याकुरेल	२०७७-४-१	
		बेरुजु रकम	९९,१४०,४०८

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		२,७१,७२,८५४.९१	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	४६,६६,०५,१६०.१६	**चालु खर्च**	४४,५५,४६,९३५.२९
प्रदेश सरकारबाट अनुदान	५,९९,१७,०००	**पूँजीगत खर्च**	१७,०३,३३,७१७.२३
राजश्व बाँडफाँट	११,७३,८५,२६९.६७	**वित्तीय/अन्य व्यवस्था**	१९,३५,०३,२६४.९३
आन्तरिक आय	९०,९८,७५६		
अन्य आय	१४,००,२०,२३०.३१		
कुल आय	७९,३०,२६,४१६.१४	**कुल खर्च**	८०,९३,८३,९१७.४५
बाँकी मौज्दात		१,०८,१५,३२३.६	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१			**परिचय** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले संघीय संरचना अनुसार नेपाल सरकारको मिति २०७३ ।११।२७ गतेको निर्णयले पालिकाको गठन भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्बद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु नै नगरपालिका स्थापनाको प्रमुख उदेश्य हो । बागमती प्रदेशमा अवस्थित यस पालिका अन्तर्गत ११ वडा, ५७ सभा सदस्य रहेका छन् । यस क्षेत्रफल २८०.५० वर्ग किलोमिटर ओगटेको र यस नगरपालिकाको जनसंख्या ३६४०५ रहेको छ ।	
२			**वित्तीय विवरण** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनमा भएका आय-व्यय हिसाबको आर्थिक वर्ष २०७७।७८ को कोषको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छः	

विवरण	टिप्पणी	यस वर्ष रु.			गतवर्ष रु.	
		बजेट	आफैलेगरेको प्राप्ति/भुक्तानी	जम्मा	आफैलेगरेको प्राप्ति/भुक्तानी	जम्मा
प्राप्ती (क+ख)		६७,००,१२,१५२	६५,९७,८६,३९५.५४	६५,९७,८६,३९५.५४	६८,५८,२६,५८६	६८,५८,२६,५८६
क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)		६६,५४,३८,६४०	६५,३०,०६,१८५.६७	६५,३०,०६,१८५.६७	५४,३५,४३,६११.९४	५४,३५,४३,६११.९४
११००० कर	११	१०,६४,४९,४८०	१२,६४,८४,०२५.६७	१२,६४,८४,०२५.६७	११,४३,६५,०६२.७६	११,४३,६५,०६२.७६
१३००० अनुदान		५५,८९,८९,१६०	५२,६५,२२,१६०	५२,६५,२२,१६०	४२,६०,७९,८७५	४२,६०,७९,८७५
संघीय सरकार	१२	४९,९०,७२,१६०	४६,६६,०५,१६०	४६,६६,०५,१६०	४०,३६,०३,८७५	४०,३६,०३,८७५
प्रदेश सरकार	१२	५,९९,१७,०००	५,९९,१७,०००	५,९९,१७,०००	२,२४,७६,०००	२,२४,७६,०००
१४००० अन्य राजस्व		०	०	०	३०,९८,६७४.१८	३०,९८,६७४.१८
ख. अन्य प्राप्ति		४५,७३,५१२	६७,८०,२०९.८७	६७,८०,२०९.८७	१४,२२,८२,९७४.०६	१४,२२,८२,९७४.०६
वितरण गर्न बाकी राजस्व		०	०	०	०	०
कोषहरु		४५,७३,५१२	४३,७८,५१८	४३,७८,५१८	९,५१,७६,०००	९,५१,७६,०००
धरौटी		०	२४,०१,६९१.८७	२४,०१,६९१.८७	०	०
संघीय, प्रदेश सरकार वा अन्यकार्यक्रम		०	०	०	४,७१,०६,९७४.०६	४,७१,०६,९७४.०६
भुक्तानी (ग+घ)		७१,०३,६४,४२४	६१,७९,०९,७३२.२३	६१,७९,०९,७३२.२३	६९,४६,२५,५८७.७३	६९,४६,२५,५८७.७३
ग. भुक्तानी (सञ्चितकोषबाट)		७०,५७,९०,९१२	६१,५८,८०,६५२.५२	६१,५८,८०,६५२.५२	५५,४१,२८,९८४.६७	५५,४१,२८,९८४.६७
२१००० पारिश्रमिक / सुविधा	१८	२५,४८,०४,७६२	२४,३३,६०,६६८.६५	२४,३३,६०,६६८.६५	२३,६३,४८,४८३.३२	२३,६३,४८,४८३.३२
२२००० मालसामान तथा सेवाको उपयोग	१८	१८,२१,५२,०४४	१४,००,९९,३०९.५८	१४,००,९९,३०९.५८	५,९७,०९,१५७.६७	५,९७,०९,१५७.६७
२५००० सहायता (Subsidy)	१८	२,५९,०६,०००	२,०२,६७,२७३.५६	२,०२,६७,२७३.५६	९,१०,०००	९,१०,०००
२६००० अनुदान	१८	३,०६,५९,२००	३,०३,८८,४००	३,०३,८८,४००	३,०६,५७,४४७	३,०६,५७,४४७
२७००० सामाजिक सुरक्षा	१८	९८,१८,०००	७९,६८,२८३.५०	७९,६८,२८३.५०	५०,२६,०५९	५०,२६,०५९

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय								बेरुजु रकम
			२८००० अन्य खर्च	१८	३५,९७,०००	३४,६३,०००	३४,६३,०००	२४,१३,८२६.५०	२४,१३,८२६.५०		
			३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	१८	१९,८८,५३,९०६	१७,०३,३३,७१७.२३	१७,०३,३३,७१७.२३	२१,९०,६४,०११.१८	२१,९०,६४,०११.१८		
			घ. अन्य भूक्तानी		४५,७३,५१२	२०,२९,०७९.७१	२०,२९,०७९.७१	६९,४६,२५,५८७.७३	६९,४६,२५,५८७.७३		
			कोषहरु		४५,७३,५१२	३९,५८,९११.३९	३९,५८,९११.३९	९,३३,८९,६२९	९,३३,८९,६२९		
			धरौटी		०	१९,३७,६७२	१९,३७,६७२	०	०		
			संघीय, प्रदेश सरकार वा अन्यकार्यक्रम		०	०	०	४,७१,०६,९७४.०६	४,७१,०६,९७४.०६		
			कट्टी रकमभुक्तानी/दाखिला गर्न बाकी			(३८,६७,५०३.६८)	(३८,६७,५०३.६८)				
			ङ. यो वर्षको बचत (न्युन)		(४,०३,५२,२७२)	४,१८,७६,६६३.३१	४,१८,७६,६६३.३१	(८७,९९,००१.७३)	(८७,९९,००१.७३)		
			च. गतवर्षको जिम्मेवारीरकम (अ.ल्या)			१७,०३,८६६	१७,०३,८६६	३,०९,०९,२८९.९६	३,०९,०९,२८९.९६		
			वर्षान्तको बाकी रकम (ङ + च)		(४,०३,५२,२७२)	४,३५,८०,५२९.३१	४,३५,८०,५२९.३१	२,२१,१०,२८८.२३	२,२१,१०,२८८.२३		
			बैंक तथा नगद बाकी	२४		४,३५,८०,५२९.३१	४,३५,८०,५२९.३१	(२,५८,१२,८५९.२५)	(२,५८,१२,८५९.		

गाउँपालिकाले पेश गरेको वित्तीय विवरणमा समावेश नभएको खर्च शीर्षकहरु निम्नानुसार रहेका छन्ः

सि.नं.	बजेट उपशीर्षक	बजेट	निकासा/खर्च
१	स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम	८२०००००	५८४१४६५
२	एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम	१०००००००	१९९४४५०
३	सामाजिक सुरक्षा तथा संरक्षण	१०१८५३८००	१०१७४०७७८
४	प्रदेश पूर्वाधार विकास कार्यक्रम	१३००००००	१०६२६८९२
	जम्मा	१३३०५३८००	१२०२०३५८५

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३			**वित्तीय विवरण विश्लेषण** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरेको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भएको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको वित्तीय विवरण सम्बन्धमा निम्नानुसार देखिएको छः • पालिकाले लेखापरीक्षणलाई पेस गरेको वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७२, बैङ्क मौज्दात विवरण लगायतका भिडान गर्दा सबै कारोवार सुत्रमा अद्यावधिक नगरेको, बैङ्क हिसाब मिलान विवरण तयार नगरेको, संचितकोष हिसाब स्पष्ट रुपमा जिम्मेवारी र मौज्दात भिडान नभएको कारण पालिकाले पेस गरेको वित्तीय प्रतिवेदन आम्दानी, खर्च तथा बैङ्क मौज्दात भिड्दैन । पालिकाले नियममा व्यवस्था भए बमोजिमका वित्तीय विवरणहरू तथा खाताहरू अद्यावधिक गरी आय-व्ययको वास्तविक स्थिति देखिने गरी लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । • गाउँपालिकाबाट प्राप्त वित्तीय प्रतिवेदनको अनुसूची २४ मा बैङ्क कारोबारमा वर्षान्तको बाँकी रु.१५५७२३५५।४३ देखाएकोमा अनुसूची २४ मा नगद तथा बैङ्क बाँकी रु.४३५८०५२९।३१ भई बैङ्क रु.२८००८१६५।८८ ले बढी देखाएको वित्तीय विवरणले देखाएको छ । अनुसूची २४ को बैङ्क तथा नगद बाँकी मध्ये राजस्व खातामा रु.१३९९९९९९।२१ र संचितकोष खातामा रु.१४००८१६६।६७ गरी रु.२८००८१६५।८८ कारोबारमा भिन्नता देखाएको छ । यस सम्बन्धमा पुष्ट्याई प्राप्त नभएकोले हिसाब यकिन हुनुपर्दछ । • गाउँपालिकाको वित्तीय विवरणको अनुसूची २४ मा बैङ्क तथा नगद बाँकी रु.४३५८०५२१।३१ वित्तीय विवरणले देखाएकोमा सो रकमको बैङ्क मौज्दात बैङ्क शून्य देखिन्छ । विवरण हिसाबमा शून्य मौज्दात सम्बन्धमा पालिकासँग छलफल गर्दा बैङ्क अफ काठमाडौंबाट संचालन भएका खाताहरूमा पालिकाको खातागत रकम नदेखाउने र बैङ्कले आफ्नो बकेट खातामा लगी राख्ने र चेक सटही हुँदा मात्र सोही बराबरको रकम मात्र सम्बन्धित बैङ्क खातामा ल्याई भुक्तानी दिने गरेको भनाइ छ । यस सम्बन्धमा छानविन गरी पालिकाको खातामा बैङ्क तथा नगद बाँकी देखाएको तर बैङ्क हिसाबमा शून्य मौज्दात देखाएको रु.४३५८०५२९।३१ सम्बन्धमा यकिन हुनुपर्ने रु.	४३,५८०,५२१.३१

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४			**बजेट पेश, पारित र अख्तियारी** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री पदममाया तामाङ्गले मिति २०७७।३।१० गते रु.६४ करोड ८७ लाख १७ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७७।३।२८ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७७।४।२ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ ।	
५			**आन्तरिक नियन्त्रण प्रणाली** स्थानीय सरकार सञ्चालन ऐन २०७४, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व कानून तथा पालिकाको कारोवारको आकार, जटिलता तथा संरचना बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्नेमा तपशील बमोजिम गरेको पाइएन । • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा नगरेको • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको • पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको तोकिएको ढाँचामा वार्षिक प्रतिवेदन तयार नगरेको • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको • पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार नगरेको • पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक गरेको • वडा कार्यालयमा रहेका जिन्सी सामानको अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको • जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नुपर्नेमा गरे नगरेको	

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• कट्टा गरेको कर तोकिएको अवधिमा सम्बन्धित राजस्व खातामा जम्मा गरेको • सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार नगरेको • संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता नगरेको • वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार नगरेको • मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले यकिन गरी अध्यावधिक नगरेको • बैक हिसाव मिलान विवरण नभएको	
६			**सार्वजनिक सम्पत्ति, जग्गाको संरक्षण, उपयोग** • सम्पतिको संरक्षण र उपयोग नीति र मापदण्ड बनेको छैन • संरक्षण र उपयोग नीति तथा मापदण्डको पालना भएको छैन • संरक्षण र उपयोग नीति तथा मापदण्ड नभएको अवस्थामा पनि सार्वजनिक पर्ति ऐलानी जग्गा तथा सम्पतिको अतिक्रमण भएको अनुगमन गरेको छैन	

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७			**कानून र सञ्चालन स्थिति** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २२ वटा ऐन, ५ वटा नियमावली, २५ कार्यविधि, निर्देशिका ५, मापदण्ड ३, मार्गदर्शन २, आदेश १ समेत ६३ वटा कानून निर्माण गरी कार्यान्यनमा ल्याएको छ । साथै पालिकाले सबै कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरे तापनि उक्त कानूनहरु कार्यान्वयनमा ल्याउनु पर्दछ ।	
८			**न्याय सम्पादन** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४६ अनुसार गाउँपालिकाको उपाध्यक्षको नेतृत्वमा न्यायिक समितिले दफा ४९ अनुसार न्याय सम्पादनको कार्य गर्ने व्यवस्था छ । गाउँपालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष न्यायिक समितिको कार्य सम्पादन गत बर्षको उजुरी १२ यस वर्ष दर्ता भएका ३२ समेत ४४ रहेकोमा ३० फछ्र्यौट गरी १४ बाँकी देखिएको छ । निरुपण हुन वांकी देखिएकोले समयमै निरुपण तथा फछ्र्यौट गर्नेतर्फ ध्यान दिनुपर्दछ ।	

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
९			**अवकाश कोष** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१.१ मा स्थानीय तहले स्थानीय सेवाका कर्मचारी निजको सेवा शर्त सम्वन्धी कानून बमोजिम अवकास हुदा प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृत्तभरण औषधि लगायतका सुविधा उपलव्ध गराउनका लागि एक अवकाश कोष स्थापना गर्नुपर्ने व्यवस्था छ । उक्त ऐन को दफा ९१.२ अनुसार आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय सरकार संचालन ऐन २०७४ प्रचलनमा आए पनि हालसम्म पनि १० जना कार्यरत स्थानीय स्थायी कर्मचारीको एकमुष्ठ मासिक तलब भत्ता रु.२,६७,९८५। को १० प्रतिशत रु.२६,७९८।५० मासिकरुपमा कट्टी गरी अवकास कोषमा जम्मा गरेको देखिएन । विभिन्न पदमा कार्यरत १० कर्मचारीको उल्लेखित ऐन अनुसार २०७७ श्रावणदेखि २०७८ आषाढसम्म १२ महिनाको तलव भत्ता रु.३,२१,५८२। कट्टी गरी अवकास कोषमा जम्मा गर्नुपर्ने देखिएको छ । स्थानीय सेवा ऐन तर्जूमा भैनसकेको, साविक स्थानीय तहबाट समायोजन भएका कर्मचारीहरुको सेवा शर्त सम्वन्धी स्पष्ट कानूनी व्यवस्था नभइसकेको कारण कट्टी नगरेको पालिकाले जनाएको छ । पालिकाले यस वर्ष कर्मचारी कल्याण कोषमा एकमुष्ठ रु.५,००,०००। ट्रान्सफर गरेको छ । उपदानमा जाने १० जना कर्मचारीको मासिक तलव भत्ताको १० प्रतिशतका दरले कट्टा ट्रान्सफर गर्नुपर्नेमा रु.५,००,०००। ट्रान्सफर गरेकोमा नियममा व्यवस्था भए बमोजिम कट्टा गर्नुपर्दछ ।	
१०			**सूचना प्रविधि पद्दतिः** सूचना प्रविधि नियन्त्रण वातावरणका सम्बन्धमा लेखापरीक्षणमा निम्नानुसार देखिएका छन्ः • कार्यालय स्वयंको नियन्त्रणमा रहेका सूचना प्रविधि पद्दतिमा सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो नभएको • सूचना प्रविधि पद्दतिमा युजर एक्सेस व्यवस्थापन सम्बन्धित सफ्टवेयर म्यानुअल अनुसार र म. ले. प. फाराम ९०१ र ९०२ बमोजिम कार्यान्वयन नगरेको • सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधि लागू नगरेको र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा नराखेको • सफ्टवेयर फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था नभएको	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
११			**बेरुजू लगत** बेरुजु लगतका लागि मलेप फारामको व्यवस्था गरिएको छ । बेरुजु लगत नराखेको, बेरुजुको कार्यालयगत प्रतिवेदन नराखेको, बेरुजुको केन्द्रीय कार्यालयगत लगत नराखेको, बेरुजुको कार्यालयगत केन्द्रीय प्रतिवेदन नराखेको र सम्परीक्षण गोश्वारा अभिलेख राखेको पाइएन ।	
१२			**तलवी प्रतिवेदन** निजामती सेवा ऐन, २०४९ को दफा ७(ख)२ वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी खर्च लेखेको पाइयो । ऐनले तोके बमोजिम तलवी प्रतिवेदन पारित गराएर तलव भुक्तानी गर्नुपर्दछ ।	
१३			**योजना छनौट** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरी प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था बमोजिम योजना छनौट र कार्यान्वयन भएको पाइएन ।	
१४			**आन्तरिक आय र राजस्व बाँडफाँड**	
१४.१			स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था बमोजिम समिति गठन भएको पाइयो । समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जूमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरी सक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्नेमा गरेको पाइएन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१४.२			स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जूमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार गर्नुपर्नेमा गरेको पाइएन ।	
१५			**गत बर्षको भुक्तानी** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४०(७) बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट श्रावण १५ गतेभित्र भुक्तानी बाँकीको बिबरण प्रमाणित गरी राख्नुपर्ने व्यबस्था छ । स्थानीय तहले २०७६।७७ मा बिभिन्न संस्था, उपभोक्ता समिति, फर्महरुलाई रु.१३,३०,८१८।०२ भुक्तानी दिन बाँकी रहेको बिबरण राखी कार्यालय प्रमुखबाट प्रमाणित गराएको आधारमा यो बर्ष भुक्तानी गरेको देखिन्छ । २०७७।७८ को बजेटमा गत बर्षको भुक्तानीको लागि बजेट व्यबस्था गरी उक्त रकम भुक्तानी गरेको पाइयो । बार्षिक बजेटले नखाम्ने गरी योजना एवं कार्यक्रमको लागि सम्झौता गरेको कारण निकै ठूलो रकम भुक्तानी दिन बाँकी रहेको देखिएकोले बार्षिक बजेटले बहुबर्षीय कार्यक्रम स्वीकृत गरेको अबस्थामा बाहेक यस प्रकारको दायित्व सिजर्ना हुने गरी खर्च नहुने व्यबस्था मिलाउनु पर्दछ ।	

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१६			**क्षेत्रगत बजेट र खर्चको स्थिति** क्षेत्रगत वजेट नगरपालिकाको क्षेत्रगत रुपमा कूल बजेट रु ७० करोड ५७ लाख ९१ हजार र खर्च ६१ करोड ५८ लाख ८० हजार को आधारमा समग्र रुपमा ८७ प्रतिशत खर्च भएकोमा क्षेत्रगत बजेट खर्च प्रगति निम्नानुसार रहेको छ ।	

सि.नं.	क्षेत्र/उपक्षेत्र	विनियोजन	खर्च	खर्च (%)
१	आर्थिक विकास	६४७८८९३२	४८२४५८६२	७.८३
२	सामाजिक विकास	३४२१४९२८७	३०६८५०९८३.९८	४९.८२
३	पूर्वाधार विकास	१२०००८९२५.	९९०४८७६७	१६.०८
४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	३८०८६०००	३४७०५९०३	५.६४
५	कार्यालय सञ्चालन तथा प्रशासनिक	१४०७५७७६८	१२७०२९१३७.०६	२०.६३
कुल जम्मा		७०५७९०९१२.	६१५८८०६५२.५२	१००.

उपर्युक्त विवरण अनुसार नगरसभाले विनियोजन गरेको बजेटमध्ये सबैभन्दा बढी सामाजिक विकासमा ४९.८२ प्रतिशत, कार्यालय सञ्चालन तथा प्रशासनिक २०.६३, पूर्वाधार विकास १६.०८ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धितमा ५.६४ प्रतिशत रहेको छ । आर्थिक विकासतर्फ ७.८३ प्रतिशत मात्र खर्च रहेको देखियो ।अत: आर्थिक विकास र सुशासनको क्षेत्रमा बजेट विनियोजन गरी सो क्षेत्रमा सुधार गर्नुपर्ने देखियो ।

१७			**आधारभूत तथ्याङ्क संकलन तथा अभिलेख** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था बमोजिम प्रोफाइल तयार गर्नुपर्नेमा गरेको पाइएन ।	

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१८				

चौमासिक पूँजीगत खर्च

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असरपर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

चौमासिक कार्यक्रम सन्चालन/ पूँजीगत खर्च विवरण						
क्र.स.	वजेट उपशीर्षक	कुल खर्च	चौमासिक खर्च (रु हजारमा)			असार महिना
			प्रथम चौमासिक	द्रोस्रो चौमासिक	तेस्रो चौमासिक	
१	गाउँपालिका पूंजीगत	१२८१०२	११०१०	३१९०७	८५१८५	५४७३८
२	संघीय सशर्त पूंजीगत	३२३२०	११५५	९६३८	२१५२७	११७०५
३	प्रदेश सशर्त पूंजीगत	९९०८	०	११०४	८८०४	३७०८
	जम्मा	१७०३३०	१२१६५	४२६४९	११५५१६	७०१५१
	खर्च प्रतिशत	१००.	७.१४	२५.०४	६७.८२	४१.१९

उपरोक्त विवरण अनुसार बिभिन्न व.उ.शी.नं. मा यस वर्ष रु १७ करोड ३ लाख ३० हजार खर्च भएको मध्ये तेस्रो चौमासिकमा मात्र ६७.८२ प्रतिशत र आषाढमा ४१.१९ प्रतिशत खर्च गरेको पाइयो । यसरी आर्थिक वर्षको अन्ततिर मात्र अधिक मात्रामा कार्य सञ्चालन गर्दा सञ्चालित कार्यक्रम तथा निर्मित संरचनाको गुणस्तर तथा दीगोपनामा समेत नकारात्मक असर गर्ने स्थिति रहन्छ । तसर्थ आर्थिक वर्षको अन्ततिर मात्र अत्यधिक खर्च गर्ने प्रबृत्तिमा नियन्त्रण तथा सुधार हुनुपर्दछ ।

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१९			**राजस्व अनुमान र असुली** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५४ अनुसार स्थानीय तहले आफ्नो क्षेत्रभित्र कानून अनुसार कर लगाउनुपर्ने तथा असुल गर्नुसक्ने व्यवस्था रहेको छ । जसअनुसार गाउँपालिकाले यो वर्ष विभिन्न शीर्षकमा रु १०६४४९४८०।०० राजस्व संकलन अनुमान गरेकोमा रु.१२,६४,८४,०२५।६७ संकलन गरेकोले रु २००३४५४५।६७ (अनुमानको तुलनामा १८.८२ प्रतिशत) बढी राजस्व संकलन गरेको छ । राजस्वउपशीर्षक | अनुमानित बजेट | प्राप्त रकम रु. | प्रतिशत ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिवृद्धि कर | १०,१४,४९,४८० | ११,७३,८५,२६९.६७ | ११५.७१ ११६९१ अन्य कर | ५०,००,००० | ९०,९८,७५६ | १८१.९८ जम्मा आन्तरिक राजस्व | १०६४४९४८० | १२६४८४०२५.६७ | ११८.८२	
२०			**व्याक हो लोडर आम्दानी** पालिकाले आफ्नो नाममा रहेको मेशिनहरुको उपयोग तथा दीगो व्यवस्थापनको लागि कार्यविधि तयार गरी व्यवस्थित तरिकाले सञ्चालन गर्नुपर्दछ। पालिकाले खरिद गरेको एक व्याक हो लोडर सञ्चालनमा रहेको छ । ती साधनहरु पालिकाको कार्यमा र समय समयमा अन्यत्र भाडामा समेत प्रयोग हुने गरेको भए तापनि पालिकाले सञ्चालन सम्बन्धी व्यवस्थित अभिलेख राखी आम्दानी असुल गरेको छैन । पालिकाले लोडरको ईन्धन बाहेक प्रतिघण्टा रु. २,०००। भाडा दर निर्धारण गरेको छ। यो वर्ष लेखापरीक्षणको क्रममा व्याक हो तथा ट्रिपर उल्लेख गरी जम्मा रु.१,००,०००।– आम्दानी गरेको देखियो। मेशिन सञ्चालन भएको समय, ईन्धन खर्च खुल्ने लगसिट तथा आम्दानीको व्यवस्थित अभिलेख राख्ने नगरेबाट यी साधनहरुको सञ्चालन आय तथा व्यय अवस्था यकिन गर्न सक्ने अवश्था रहेन । व्यवस्थित तरिकाले मेशिन सञ्चालन गरी सोबाट प्राप्त हुने आय पालिकाको खातामा जम्मा भएको सुनिश्चित हुने प्रणाली विकास गर्नुपर्दछ ।	

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२१			**नगदी रसिद नभएको** गाउँपालिकाले वर्षान्तमा सवै रसिद प्राप्त गरी सम्पूर्ण आम्दानी दाखिला भएको सुनिश्चित गर्नुपर्दछ। यो वर्ष वडा नं. ४ का वडा सचिव श्री धर्मराज थापाले १३ ठेली मालपोत रसिद बुझिलगेकोमा रसिद नम्बर ३०५१ देखि ३१०० सम्म १ ठेली रसिद फिर्ता गरेको देखिएन । गाउँपालिकाले उक्त वडाको रसिद र आम्दानीको सम्बन्धमा छानविन गरी यकिन गर्नुपर्दछ ।	
२२			**सामुदायिक वनको आय** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२(ख) मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावर बिक्री तथा उपयोग सम्बन्धी आफ्नो कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनुपर्ने तथा वन पैदावर बिक्री वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्बन्धित पालिकाको संचितकोष जम्मा गर्नुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष सामुदायिक वनबाट प्राप्त आय भनी रु.३०,६१,२८०।०० आम्दानी बाँधेकोमा डिभिजन वन कार्यालय सिन्धुलीबाट प्राप्त विवरण अनुसार पालिकालाई ५ सामुदायिक वन उपभोक्ता समितिमध्येबाट रु.९,३९,१८९।२१ प्राप्त हुनुपर्ने देखिन्छ । तसर्थ डिभिजन वनबाट प्राप्त विवरण भन्दा पालिकाले पेश गरेको आम्दानी विवरणमा रु.२१,२२,०९०।७९ बढी आम्दानी बाँधेको छ । पालिकाले डिभिजन वन कार्यालयसँग समन्वय गरी कति सामुदायिक वन उपभोक्ता समितिबाट कति आम्दानी प्राप्त भएको तथा हुनुपर्ने आम्दानी यकिन गर्नुपर्ने देखिन्छ ।	
२३			**घटी दाखिला** गाउँपालिकाले वर्षान्तमा सबै रसिद प्राप्त गरी सम्पूर्ण आम्दानी दाखिला भएको सुनिश्चित गर्नुपर्दछ । गाउँपालिकाले वडा नम्बर ७ मा यो वर्ष वितरण गरेका आम्दानी र मालपोत रसिद मध्ये लेखापरीक्षणको क्रममा वडाबाट फिर्ता भएका आम्दानी र मालपोत रसिदबाट रु.१,९२,३६५।०० संकलन भएकोमा उक्त वडाबाट विभिन्न मितिमा रु.१,३३,३१९।०० दाखिला गरेको देखिन्छ । प्राप्त प्याडहरुबाट संकलन भएको रकम भन्दा बैङ्क दाखिला रु.५९,०४६।०० कम देखिएकोले उक्त वडाबाट भएको आम्दानी यकिन हुन सकेन । गाउँपालिकाले उक्त वडाको रसिद र आम्दानी सम्बन्धमा छानविन गरी यकिन गर्नुपर्ने रु.	५९,०४६

https://nams.oag.gov.np

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२४</td><td></td><td></td><td>

शिक्षक दरबन्दी तथा पदपूर्ति

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ८९ सामुदायिक विद्यालयहरूको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छः

<table>
<tr><th>क्र.सं</th><th>विद्यालयको नाम</th><th>शिक्षक दरबन्दी</th><th>पदपूर्ति</th><th>पदपूर्ति मध्ये करार/राहत</th><th>विद्यार्थी संख्या</th></tr>
<tr><td>१</td><td>८९ वटा विद्यालय</td><td>३४०</td><td>३४०</td><td>१८०</td><td>१०६१७</td></tr>
</table>

यस सम्बन्धमा निम्नानुसार देखिएको छः

- यस पालिका अन्तर्गत ८९ विद्यालयमध्ये ९ विद्यालयमा विद्यार्थी भएपनि शिक्षक दरबन्दी रहेको देखिएन । दरबन्दी नभएका विद्यालयहरुमा राहत दरबन्दी तथा पालिकाले दरबन्दी स्वीकृत गरी आन्तरिक श्रोतबाट तलबभत्ता खुवाउने गरी पदपूर्ति गरी पठनपाठनको व्यवस्था मिलाएको छ ।
- ८९ विद्यालयमा ३४० दरबन्दी रहेकोमा १६० स्वीकृत पदमा पदपूर्ति भएको र १८० पदमा अस्थायी तथा राहत शिक्षक रहेको देखिन्छ । दरबन्दी अनुसारको शिक्षक पदपूर्ति हुनुपर्दछ । विद्यार्थी संख्याको तुलनामा शिक्षक बढी भएकोबाट कम भएको विद्यालयमा शिक्षकको दरबन्दी मिलान एवं न्यून विद्यार्थी भएका विद्यालयहरू सम्भाव्यताका आधारमा समायोजन गर्नुपर्दछ ।

</td><td></td></tr>
<tr><td>२५</td><td></td><td></td><td>

दरवन्दी र पदपूर्ति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ९४ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म प्रमुख प्रशासकीय अधिकृत सहित ३५ जना पदपूर्ति भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका कृषि विकास अधिकृत सातौं।आठौं १, पशु विकास अधिकृत सातौं।आठौं १ अधिकृतस्तर छैठौ प्रशासन पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

</td><td></td></tr>
</table>

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२६			**समानीकरबाट शिक्षक तलब भत्ता** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गगत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु.१,७५,४१,८२०। तलब भत्ता अनुदान दिएको पाइयो । पालिकाको आन्तरिक आम्दानी समेत न्यून रहेको अवस्थामा यसरी विद्यालयले व्यवस्था गरेको निजी शिक्षकहरूको तलब वापत रकम अनुदान दिने कार्यमा नियन्त्रण हुनुपर्दछ ।	
२७			**ईन्टरनेट खर्च** कोभिडका कारण उत्पन्न परिस्थितिमा सिकाई सहजीकरणका लागि आधारभूत विद्यालयहरूलाई इन्टरनेटको माध्यमबाट शिक्षण सामग्रीहरू खोजी गर्न भौ.नं.१८५ मिति २०७८।३।२२ बाट प्रति विद्यालय रु.१२,०००।०० का दरले एकमुषठ रु.८,१६,०००।०० इन्टरनेट जडान तथा सञ्चालन खर्च वापत निकासा दिएकोमा निम्नानुसार विद्यालयहरूले ईन्टरनेट जडान गरेको प्रमाण तथा बिल भरपाई पेस गरेको छैन । ईन्टरनेट जडान तथा सञ्चालनमा भएको खर्चको प्रमाण पेस गर्नुपर्ने रु.	४३२,०००

सि.नं.	विद्यालयको नाम	निकासा रकम
१	सरस्वती प्रा.वि. नेपालशिखर	१२०००
२	गौरीशंकर प्रा.वि. आलमपुर	१२०००
३	हिमशिखर प्रा.वि. क्वान्द्रे	१२०००
४	जोरबारही प्रा.वि. बाघमारा	१२०००
५	बालकल्याण प्रा.वि. डडुवा	१२०००
६	बाललहरी प्रा.वि. टाउकेडाँडा	१२०००
७	कालिकादेवी प्रा.वि. छिर्लिङबास	१२०००

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय					बेरुजु रकम
				८	भानु नि.मा.वि. बोक्से	१२०००		
				९	प्रगतिशील प्रा.वि. राम्चे	१२०००		
				१०	नि.मा.वि. सिम्ले	१२०००		
				११	जनसेवी प्रा.वि. लुभु	१२०००		
				१२	प्रा.वि. डुम्रेवेंसी	१२०००		
				१३	प्रा.वि. लङ्गरखोला छबिसे	१२०००		
				१४	प्रा.वि. आम्बोट जरायोटार	१२०००		
				१५	शान्तेश्वरी प्रा.वि. सनिटार	१२०००		
				१६	नि.मा.वि. गैरीखानी	१२०००		
				१७	धापकाली नि.मा.वि. धाप	१२०००		
				१८	ध्याम्पादेवी नि.मा.वि. ध्याम्पा	१२०००		
				१९	चण्डेश्वरी प्रा.वि. चदाहा कोप्चे	१२०००		
				२०	प्रा.वि. अर्मले	१२०००		
				२१	प्रगतिशील प्रा.वि. गल्छी	१२०००		
				२२	प्रा.वि. उपिन्थुम्का	१२०००		

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय					बेरुजु रकम
				२३	सिद्धेश्वरी प्रा.वि. हरभिन्ज्याङ	१२०००		
				२४	नि.मा.वि. तिखेढुङ्गा	१२०००		
				२५	दीनदयाल प्रा.वि. सल्ले	१२०००		
				२६	पिपलडाँडा प्रा.वि. सिउडीबोट	१२०००		
				२७	प्रा.वि. आहालडाँडा	१२०००		
				२८	नि.मा.वि. बाङरिङ रातमाटा	१२०००		
				२९	सरस्वती प्रा.वि. डाँडाखर्क	१२०००		
				३०	मुक्ति प्रा.वि. सालुके	१२०००		
				३१	जनजागरण प्रा.वि. गोरभञ्ज्याङ	१२०००		
				३२	प्रा.वि. माथिल्लो पचरङ	१२०००		
				३३	डम्बर प्रा.वि. सिकारीडाँडा	१२०००		
				३४	बाल प्रा.वि. गिजनचौर	१२०००		
				३५	जनसेवा प्रा.वि. लम्सारडाँडा	१२०००		
				३६	प्रा.वि. लाम्पनडाँडा	१२०००		
					जम्मा	४३२०००		

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२८			**पेश्की व्यवस्थापन**	
२८.१			आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० बमोजिम आर्थिक वर्षको अन्त्य सम्ममा पेश्की फछ्यौट गर्नुपर्ने व्यवस्था रहेकोमा कूल पेश्की रु. ३०९९९७५। रहेकोमा निम्नानुसार म्याद ननाघेको रु.११,४३,८०० । र म्याद नाघेको रु.१९५६१७५। रहेको छ । म्याद नाघेको पेश्की नियमानुसार असुल फर्छ्यौट गर्नुपर्ने रु.	१,९५६,१७५

पेश्की लिएको मिति	भौ. नं.	पेश्की लिने ब्यक्ति, फर्म वा कम्पनीको नाम	पेश्की बाँकी		
			म्याद ननाघेको	म्याद नाघेको	जम्मा
ठेकेदार					
११/१४/२०७७	८	राज बिल्डर्स प्रा.लि.	३२५०००	०	३२५०००
०३/१३/२०७८	३०	पुलामी निर्माण सेवा	०	३५००००	३५००००
०३/१३/२०७८	३६६	पुलामी निर्माण सेवा	०	२६००००	२६००००
व्यक्तिगत					
०६/२६/२०७७	३४	इन्द्र बहादुर दुलाल	७०३००	०	७०३००
०६/२७/२०७७	४५	जयन्त कार्की	१०००००	०	१०००००
०८/२३/२०७७	३२	इन्द्र बहादुर दुलाल	५६०००	०	५६०००
१२/२३/२०७७	२९२	जयन्त कार्की	९२५००	०	९२५००
०१/२६/२०७८	३६७	इन्द्र बहादुर दुलाल	५०००००	०	५०००००

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय							बेरुजु रकम
				०३/०३/२०७८	४३२	नवराज लुंगेली	०	३३०००	३३०००	
				०३/११/२०७८	४५५	जयन्त कार्की	०	२९३१२३	२९३१२३	
				०३/१३/२०७८	१६	लुकेन्द्र प्रसाद अधिकारी	०	२०५७०	२०५७०	
				संस्थागत						
				०२/१९/२०७८	१	नेपाल विद्युत प्राधिकरण वितरण केन्द्र		९९९४८२	९९९४८२	
						कुल जम्मा	११४३८००	१९५६१७५	३०९९९७५	
			सहायक पाँचौ श्री गोपाल प्रसाद पहाडीले भौनं ४३९ मिति २०७८।३।६ मा लिएको सवारी साधन नवीकरण र वीमा खर्च वापतको पेश्की रु २५००००। भौ नं ४७ मिति २०७८।८।१३ मा वीमा खर्च रु ६३१६०।९०, नवीकरणमा रु ९८५००। समेत रु १६१६६०।९० खर्चका वील भरपाई पेश भई बाँकी रु ८८३३९।१० पालिकाको चालु खर्च खातामा दाखिला गरेको बैंक भौचरसाथ पेश्की फर्छ्यौट गरेको प्रमाण पेश भएको छ ।							
२८.२			आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४९ बमोजिम सामान खरिदका लागि पेश्की भुक्तानी गर्दा देहाय बमोजिम भएको पाइएन । • पेश्की भुक्तानी गरी सामान खरिद गर्दा प्रचलित कानून बमोजिम सोझै खरिद गर्न सक्ने अवस्था नभएको कुरा यकिन गरेर मात्र पेश्की दिनुपर्नेमा त्यस्तो यकिन नभएको • खरिद सकिएको २१ दिनभित्र पेश्की फछ्र्यौट नगरेको							

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२८.३			• पेश्की भुक्तानी गर्दा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ मा तोकिएका प्रकृया पूरा नगरेको • पेश्की रकम तोकिएको अवधीमा फछ्र्यौट गरे नगरेको • ढिलो फछ्र्यौट गरिएका पेश्की फछ्र्यौट गर्न तोकिए बमोजिम ताकेता नगरेको • नियम ५३ बमोजिम तोकिएको समयमा पेश्की नगरेका कर्मचारी वा अन्य व्यक्तिको फछ्र्यौट गर्न बाँकी पेश्कीको विवरण हरेक महिना समाप्त भएको ३ दिनभित्र कार्यायल प्रमुख समक्ष पेशनगरेको • फछ्र्यौट गर्न बाँकी पेश्की रकम नियम ५३ बमोजिम अर्को वर्ष जिम्मेवारी सारेको • फछ्र्यौट गर्न बाँकी पेश्कीको म्याद थप गर्दा नियम ५४ बमोजिमको प्रकृया पूरा नगरेको	

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२९			**कोभिड खर्च** यो आ. व. मा पालिकाले कोभिड सम्बन्धी खर्च गर्नका लागि छुट्टै कोरोना कोषको स्थापना नगरि विभिन्न शिर्षकबाट (चालु, संघिय शसर्त, प्रदेश शसर्त, विपद वयवस्थापन कोष) बाट खर्च गरेको छ। कोभिडमा तीनपाटन गाउँपालिकामा यस आर्थिक बर्षमा भएको खर्च देहाय बमोजिम छ।	

बजेट/आम्दानीको स्रोत	२०७८ असार मसान्तसम्म प्राप्त रकम	खर्च शीर्षक	२०७८ असार मसान्तसम्म खर्च रकम
गत वर्षको अल्या	०	आईशोलेसन केन्द्र निर्माण व्यवस्थापन	१४०००००
संघीय सञ्चित कोषबाट	३३२६४७८	जनशक्ति परिचालन	४००००००
प्रदेश सञ्चित कोषबाट	१२६९७५४	औषधि एवं स्वास्थ्य उपकरण तथा सामग्री खरिद	२००००००
स्थानीय तहको आफ्नै बजेटबाट विनियोजन भएको	४६४५९४८		
संघीय कोभिड कोषबाट	७५८०००		
प्रदेश कोभिड कोषबाट	५०००००	बाँकी	३१००१८०
जम्मा	१०५००१८०	जम्मा	१०५००१८०

पालिकाबाट प्राप्त विवरण अनुसार आईशोलेशन केन्द्र निर्माणमा सबैभन्दा बढी रु. १४००००० र औषधि एवं स्वास्थ्य उपकरण तथा सामग्री खरिदमा जम्मा रु.२०००००० खर्च गरेको छ। जम्मा रु.१०५००१८० मध्ये १०१९०१६२ खर्च भई ३१००१८० बाँकी भएको छ।

३०			**सवारी सूचिकृत**	२४२,०००

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			कार्यपालिकाको २०७७।१२।१० गते बसेको बैठकको निर्णय नं ५ मा ढुङ्गा,गिट्टी र बालुवाको बिक्री वितरण गरी राजश्व संकलन गर्न ढुङ्गा,गिट्टी र वालुवा ढुवानी गर्ने सवारी साधनलाई अनिवार्य रुपमा गाउँपालिकामा सूचीकृत गराई ज्येष्ठ मसान्त सम्म एकमुष्ठ रुपमा ट्रक/टिपर रु १२०००।०० र प्रतिट्याक्टर रु १००००।०० राजश्व संकलन अमानतबाट गर्ने भनी निर्णय भएको छ । पालिकाको राजश्व परीक्षणमा उक्त ढुङ्गा, गिट्टी र वालुवाको कुनै पनि राजश्व दाखिला भएको विवरण प्राप्त भएन । नमूना छनौट गरी परीक्षण गाउँपालिका पुर्जीँगततर्फका श्रेस्ता परीक्षण गर्दा पालिकाबाट भुक्तानी भएका देहायका योजनामा देहायका ट्याक्टर तथा टिपरले ढुङ्गा,गिट्टी र वालुवा ढुवानी भएको भनी उपभोक्ता समितिबाट कागजमा भर्पाइ गरी रकम बुझिलिएको पाइयो । उक्त सवारी पालिकामा सूचीकृत भई निर्णय बमोजिम कर दाखिला गरेको नदेखिएको रु	

भौ.न	उपभोक्ता समिति	सवारी साधन	सूचीकृत दर
१३	रुचानी छर्छरे पाङ्ग्रेपानी झुङ्गा र लुकुवा मोटरबाटो	ज-१-त-९९२६ सुर्यलाल श्रेष्ठको ट्याकटर	१००००
१५	क्याम्पस पुल्चोक लायोगाउँ दमार सडक	ना ६ त ४२४१ नं को बद्रिप्रसाद देवकोटाको ट्याकटर	१००००
१७	बेल्टार सान्दाने दर्के सडक	ना ७ त १६३८ को भुषाल सप्लायर्सको ट्याकटर	१००००
१७	बेल्टार सान्दाने दर्के सडक	लु ४ त ७१३६२ को भुषाल सप्लायर्सको ट्याकटर	१००००
३	ऐतिहासिक ढुङ्ग्रेगढी बाबाधाम गुफा संरक्षण	ना ३ ख ९९४१ सुनिल दंगालको टिपर	१२०००
५	दलित भवन निर्माण	ना त ६ ४६०० नं को ट्याक्टर	१००००
२	मुख्य सडक मर्मत	ज-१-त-९९७२ नं को ट्याकटर	१००००
२	मुख्य सडक मर्मत	प्र १-०२-००३ त ३४० नं को ट्याक्टर	१००००
२	मुख्य सडक मर्मत	ज १ त ९९७२ नं को ट्याक्टर	१००००
२	मुख्य सडक मर्मत	ना ६ त ९४१९ नं को ट्याक्टर	१००००

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय						बेरुजु रकम
				२४	तिल्पुङडाडाँ मोटरबाटो मर्मत	२-त-८२७७ नं को ट्याक्टर	१००००		
				२२	पाखाबारी मेसिनरी वाल निर्माण	ना-६-त ४०४१ नं को ट्याक्टर	१००००		
				२१३	बडरबोटर सडक सोलिङ	ना-७-त- ३३२ नं को ट्याक्टर	१००००		
				२२३	प्रेम ब.परियार	ना-१-त ३३३५ नं को ट्याक्टर	१००००		
				१०	मुख्य सडक मर्मत गा पा	ज १ त ९७७२ ट्याक्टर	१००००		
				६ र १०	मुख्य सडक मर्मत गा पा	ना ६ त ९४१९ ट्याक्टर	१००००		
				६ र १०	मुख्य सडक मर्मत गा पा	ज २ त ३९२ ट्याक्टर	१००००		
				६ र १०	मुख्य सडक मर्मत गा पा	ना छ त ७१०५ ट्याक्टर	१००००		
				६ र १०	मुख्य सडक मर्मत गा पा	प्र १ ०२ ००३ त ३४० ट्याक्टर	१००००		
				६ र १०	मुख्य सडक मर्मत गा पा	ना ७ त ३३३१ ट्याक्टर	१००००		
				६ र १०	मुख्य सडक मर्मत गा पा	ना ७ त ३५१ ट्याक्टर	१००००		
				६ र १०	मुख्य सडक मर्मत गा पा	ना ६ त ८३५९ ट्याक्टर	१००००		
				६ र १०	मुख्य सडक मर्मत गा पा	ना ७ त ३३३२ ट्याक्टर	१००००		
				६ र १०	मुख्य सडक मर्मत गा पा	ना ७ त ४८४८ ट्याक्टर	१००००		
				जम्मा			२४२०००		

https://nams.oag.gov.np

३१ क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			ढुङ्गा,गिट्टी तथा वालुवाको कर	

